# मिथिला बिहारी नगरपालिकाको

## आ. व. २०८२।०८३ को ११औ नगर सभाका

## नीति तथा कार्यक्रम र

## वार्षिक बजेटको **अनुमानित आय - व्यय**

**मिथिला बिहारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तारापट्टी, धनुषा**

**मधेश प्रदेश (नेपाल)**

**२०८२।०३।१० गते (मंगलवार)**

**"कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यमा सुधार; समावेशी सूचना प्रविधिले समृद्धिको आधार"**

**१. स्वागत मन्तवय:**

**मिथिला बिहारी नगरपालिकाको** आर्थिक वर्ष २०८२/०८३ को एघारौ नगर सभामा उपस्थित यस मिथिला बिहारी नगरपालिकाका नगर सभा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, नगर सभा सदस्य ज्यूहरु लगायत यस नगरपालिकामा कार्यरत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, पूर्व मेयर, पूर्व उप-मेयर, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, विभिन्न राजनितिक दलका प्रतिनिधि ज्यूहरु र यहाँ उपस्थित सम्पूर्णमा यस मिथिला बिहारी नगरपालिकाको एघारौ नगर सभामा हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानून निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न मिथिला बिहारी नगरपालिका सधै प्रतिबद्ध छ । यस आर्थिक वर्ष २०८२/०८३ को एघारौँ नगर सभामा ***"कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यमा सुधार; समावेशी सूचना प्रविधिले समृद्धिको आधार"*** भन्ने नयाँ नाराका साथ नीति तथा कार्यक्रम र वार्षिक बजेटको अनुमानित आय – व्यय प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा हामी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्व-शासनका लागि भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध र मधेश विद्रोहमा सहादत प्राप्त गर्ने वीर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै, मिथिला बिहारीको सांस्कृतिक, धार्मिक र ऐतिहासिक पहिचानलाई जगेर्ना गर्दै समृद्ध नगर निर्माणको दिशामा अघि बढ्न हामी सबै सधै प्रतिबद्ध रहनेछौ ।

**२. दीर्घकालीन सोच तथा रणनीति:**

हाम्रो दीर्घकालीन सोच "कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यमा सुधार; समावेशी सूचना प्रविधिले समृद्धिको आधार" रहेको छ । यो नीति तथा कार्यक्रमले विगतका उपलब्धिलाई संस्थागत गर्दै, समावेशी, दिगो र प्रविधिमैत्री विकासको मार्गचित्र प्रस्तुत गर्नेछ भन्ने विश्वास लिएको छु । यस सोचलाई साकार पार्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ:

**२.१. ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण:** मिथिला बिहारी नगरपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय महत्वका सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नुका साथै धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदालाई विश्वस्तरीय गन्तव्यको रूपमा विकास गर्ने;

**२.२. डिजिटल नगरपालिका:** सूचना प्रविधिको अधिकतम उपयोगमार्फत पारदर्शी, जवाफदेही र प्रभावकारी प्रशासन बनाउने;

**२.३. कृषि र उद्यमशीलता:** कृषि, पर्यटन, नवप्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवसायलाई प्रोत्साहन गर्ने;

**२.४. समावेशी विकास:** स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने र लैङ्गिक समानता, महिला सशक्तीकरण, दलित, जनजाति, अपाङ्ग र ज्येष्ठ नागरिकको उत्थान गर्ने;

**२.५. वातावरणमैत्री विकास:** नगरपालिकालाई स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत नगरको रूपमा विकास गर्नुका साथै हरियाली, स्वच्छ र जलवायुमैत्री पूर्वाधार निर्माण गर्ने;

**२.६. सुशासन र जनसहभागिता:** जनताले प्रत्यक्ष अनुभूति गर्ने खालका योजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र पारदर्शिता अभिवृद्धि गर्ने;

**२.७. नवीन अवसर:** कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि र पर्यटनमार्फत आर्थिक समृद्धिको नयाँ सम्भावना खोजी गर्ने।

## ३. क्षेत्रगत नीति तथा कार्यक्रमहरू:

### ३.१. कृषि, सहकारी तथा पशुपंक्षी विकास (आर्थिक विकास):

**उद्देश्य:** मिथिला बिहारी नगरपालिकाको मुख्य आर्थिक स्रोत कृषि र पशुपालनलाई प्रमुख क्षेत्रको रूपमा विकास गर्नुका साथै कृषि र पशुपालनलाई व्यवसायीकरण गरी आत्मनिर्भरता र निर्यातमुखी उत्पादन गर्नु -

- **कार्यक्रमहरू:**

- प्रमुख बाली तथा पशु र पशुजन्य उत्पादकत्व बढाई उत्पादनमा आत्मनिर्भरता र सो को समुचित बजारीकरण जस्तो कार्यक्रमलाई प्रोत्साहन दिइनेछ।
- कृषि र पशुपालनलाई व्यावसायिक बनाउन सिँचाई, मल खाद्य, उन्नत बीउँ-बिजनको उपलब्धता र सामूहिक तथा सहकारी खेतीमा जोड दिइनेछ।
- आर्थिक तथा सामाजिक रूपले पछाडी परेका कृषि र पशुपालन केन्द्रित कार्यक्रमलाई प्राथमिकतामा राखी "पाकेट" को रूपमा सञ्चालन गरिनेछ।
- कृषि तथा पशुपालन क्षेत्रको विकास र उत्पादकत्व वृद्धि गर्न कृषक समूह, समिति, सहकारी, गैर सरकारी संस्थाहरूसँग साझेदारी गरिनेछ।
- नगर क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिँचाइका लागि आवश्यक व्यवस्था गरिनेछ।
- सहकारी संस्था सम्बन्धी आवश्यक कानून एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।
- माटो परीक्षण विधि अवलम्बन गरी कृषिलाई अझ वैज्ञानिक बनाइनेछ।
- आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिनेछ। पशुपालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडि बढाइनेछ।
- व्यावसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरूलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषि उपजमा कीटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ।
- पशुपालनलाई जीविकोपार्जनका लागि मात्र नभई व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- कृषि विद्युत खपतमा किसानलाई शत प्रतिशत उपलब्ध गराउदै आएको अनुदानलाई निरन्तरता दिईनेछ।
- महिला मैत्री कृषि प्रविधिको विकास तथा महिला किसानलाई थप राहत एवं अनुदान उपलब्ध गराइनेछ।
- निर्वाहमुखी कृषि कार्यलाई व्यावसायिक, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको नीति अपनाइनेछ।
- बाढी, पहिरो, डुबान, खडेरी आदिको प्रकोपबाट प्रभावित किसानलाई लक्षित गरी राहत तथा जीविकोपार्जन सहयोगको नीति लिइनेछ।
- "एक वडा एक उत्पादन" को नीति अनुरूप कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरिनेछ र सोका लागि नगरपालिकाबाट कृषक एवं कृषक समूहलाई प्रोत्साहन गरिनेछ।
- मत्स्य तथा कृत्रिम जलाशय निर्माण सम्बन्धी मापदण्ड तयार गरिनेछ।

- कृषि बजारीकरण नीति अंगीकार गरी पूर्वाधार विकास, प्रशोधनको कार्यक्रम, न्यूनतम मूल्य निर्धारण तथा खरिद बिक्री व्यवस्थापन, गोदाम घर निर्माण, ग्रेडिङ र प्याकेजिङको संरचना निर्माणका साथै शीत भण्डारण स्थापनाको नीति लिइनेछ ।
- उत्पादनमूलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

## ३.२. पूर्वाधार विकासः

**उद्देश्यः** दिगो, समावेशी र वातावरणमैत्री पूर्वाधार निर्माण का साथै “नगर सडक नगर विकासको आधार” को अवलम्बन गर्दै सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्नु –

- **कार्यक्रमहरूः**

- आवधिक नगर विकास योजना, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, नगर यातायात गुरुयोजना एवं महत्वपूर्ण योजनाको अध्ययन अनुसन्धान गर्दै इन्जिनियरिङ रिपोर्ट तयार गरिनेछ ।
- वडा समितिको सिफारिस तथा नगर कार्यपालिकाबाट पेश भई आएका योजनाहरूलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरू ग्राभेल, पक्की र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- नगर क्षेत्रहरूमा सडक बत्तिको लाइन जडान गर्ने कार्य विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ साथै धार्मिक स्थल, सार्वजनिक ठाउँ, हाट बजार, स्वास्थ्य संस्था तथा विद्यालयमा सडक बत्तिको व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरूलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाइनेछ ।
- बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई अन्य निकायहरूको सहकार्यमा नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- नगर क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिइनेछ ।
- नगरपालिकाको केन्द्रलाई व्यवस्थित गर्न चक्रपथ निर्माणको कार्य शुरु गरिनेछ ।
- सडक नाला निर्माण हुने सडक खण्डहरूमा वन तथा वातावरण शाखा र उपभोक्ताहरूद्वारा सो सडक किनारमा वृक्षारोपण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको अधुरो कार्यालय भवन निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- पुराना बजारहरूलाई क्रमशः सुधार गरी सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ ।
- पूर्वाधारका कार्यक्रम सञ्चालन गर्दा अपाङ्गमैत्री, बालमैत्री, लैंगिक मैत्री, वातावरण मैत्री तथा मापदण्ड बमोजिम गरिनेछ ।
- वडा कार्यालयको भवन नभएको ठाउँमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ । यसको लागि आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।
- नयाँ नापी गराई बाटो तथा सार्वजनिक जग्गाको (नेपाल सरकारको नाममा रहेको) लगत कट्टा गर्न आवश्यक पहल गरिनेछ ।

- म्याचिङ्ग फण्डको व्यवस्था गरी सेवा र सुविधा युक्त कार्यक्रमहरू सहकार्यमा सञ्चालन गरिनेछ।
- नगर भित्रको कृषि सडकहरूलाई स्तरोन्नति गर्दै मुख्य सडकमा जोडिने कार्य अगाडि बढाइनेछ।
- शौचालय निर्माण सर-सफाई तथा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।
- नगर सभाबाट पारित योजनाहरूको लागत इस्टिमेट असोज मसान्तसम्म, सम्झौता र कार्यादेश मंसिर मसान्तसम्म, कार्य सम्पन्न र भुक्तानी जेष्ठ १५ गते भित्र सशक्त रूपमा पालना गराइनेछ।
- श्रम तथा रोजगारी मूलक काममा उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ साथै त्यस कार्यका लागि लागत जनसहभागिताको अंश नगदमा जम्मा गर्ने प्रावधान लागू गरिनेछ।
- सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरक्षण तथा पसल सञ्चालन गर्नेलाई विस्थापित गरिनेछ।
- नगरपालिकालाई खाल्डाखुल्डी मुक्त नगर बनाइनेछ।
- खुला ठाउँ वा सार्वजनिक ठाउँमा मदिरा जन्य पदार्थ बेच्न तथा सेवन गर्न नपाउने व्यवस्था मिलाइनेछ।
- नगरपालिकालाई खेलकुदमा अगाडि बढाउनका लागि भलिबल, फुटबल र क्रिकेट स्टेडियम तथा जिमखाना निर्माण गरिनेछ।

### ३.३. शिक्षा:

**उद्देश्य:** समावेशी र प्राविधिक शिक्षामार्फत सक्षम जनशक्ति तयार गर्नु र गुणस्तरीय शिक्षाको व्यवस्था मिलाउनु -

- **कार्यक्रमहरू:**

- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ।
- बालबालिकालाई विद्यालयमा "ल्याउने, सिकाउने र टिकाउने" कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- बहिरा प्रकृतिका बालबालिकाहरूको लागि साङ्केतिक सिकाई स्रोत कक्षा सञ्चालनको लागि पहल गरिनेछ।
- शिक्षक - विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरी माध्यामिक तहका विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग माग गरिनेछ।
- संस्थागत विद्यालय र निजी स्तरमा सञ्चालित शैक्षिक परामर्श केन्द्र, कोचिङ्ग सेन्टर, तालिम केन्द्र लगायतका संस्थाहरूको अभिलेखीकरण गरी नियमन गर्ने व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयहरूको विद्यालय परिसर सुधार कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याडको सुविधा, पिउने पानीको प्रबन्ध गरिनेछ।
- संविधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) 'ज' बमोजिम मिथिला बिहारी नगरपालिकाको शिक्षा नीति, ऐन, नियम र निर्देशिका बमोजिमको कार्य गरिनेछ।
- पालिकालाई पूर्ण साक्षर घोषणा गर्नका लागि विभिन्न शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- हरेक विद्यालयमा CCTV Camera जडान गरि नगरपालिकाबाट Monitoring गरिनेछ।
- सार्वजनिक विद्यालयबाट कक्षा १० र १२ मा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रालाई Laptop प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- शैक्षिक संस्था भएको ठाउँमा सय मिटर वरिपरिमा कुनै किसिमको मदिरा पसल राख्न नपाइने व्यवस्था मिलाइनेछ।
- स्थानीय पाठ्यपुस्तक लागू गरिनेछ।

- विद्यार्थीलाई पढाइका साथ साथै विभिन्न किसिमका Extra Curricular Activities मा पनि सहभागी गराइनेछ ।
- नगर क्षेत्र भित्र रहेका माध्यमिक विद्यालयहरूलाई प्राविधिक शिक्षातर्फ उन्मुख गरिनेछ ।

## ३.४. स्वास्थ्य (सामाजिक विकास):

**उद्देश्य:** सबै नागरिकलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउनु -

- **कार्यक्रमहरू:**

- नेपाल सरकारको स्वास्थ्य नीति अनुरूप यस नगरपालिकामा १५ शैयाको नगर स्तरीय आधारभूत अस्पताल निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ ।
- आवश्यक पूर्वाधार निर्माण गरी विभिन्न वडामा बर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ ।
- नागरिकको स्वास्थ्य परीक्षणको लागि सुलभ दरमा नगर स्तरीय ल्याब अझै परिस्कृत गरिनेछ ।
- ६५ वर्ष माथिका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न दलित, एकल महिला, अति असक्त र अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य बीमा शुल्कमा ५० प्रतिशत अनुदान दिई प्रक्रिया सहज बनाइनेछ ।
- ५ वर्ष भित्र सबै नगरवासीलाई स्वास्थ्य बीमा गर्ने अभियान सञ्चालन गरी यस नगरलाई "पूर्ण स्वास्थ्य बिमित" बनाइनेछ ।
- सुविधा सम्पन्न एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै नेपाल सरसकारको तेश्रो बहुक्षेत्रीय पोष कार्यक्रमको कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।
- आयुर्वेद उपचार पद्धतिको सिद्धान्त अवलम्बन गर्दै कार्यक्रम अगाडि बढाइनेछ ।
- आँखा उपचार केन्द्रलाई अझै प्रभावकारी ढंगले स्तरोन्नती गरि आँखा उपचारको काम काजमा विशेष ध्यान दिईनेछ ।
- हरेक स्वास्थ्य चौकीमा CCTV Camera जडान गरि स्वास्थ्य संस्थाको नियमित Monitoring गरिनेछ ।
- बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला स्वयंसेविकाहरू तथा नगर स्वास्थ्य कार्यकर्ताहरूको परिचालनमा अभिवृद्धि गरिनेछ ।
- युवा युवतीहरूको लागि यौन तथा एच. आई. भी. एड्स शिक्षा, सरुवा रोग तथा नसर्ने रोगहरूको नियन्त्रणका लागि प्रचार प्रसार लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ३.५. सूचना प्रविधि र डिजिटल शासन (पूर्वाधार/सुशासन तथा संस्थागत क्षमता विकास):

**उद्देश्य:** डिजिटल प्रविधि मार्फत पारदर्शी र प्रभावकारी सेवा उपलव्ध गराउनु -

- **कार्यक्रमहरू:**

- सूचना प्रविधिको विकास बिना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सूचना प्रविधि युक्त सेवा, साईबर सुरक्षा बारे तालिम सञ्चालन गर्नुका साथै नागरिक गुनासो व्यवस्थापनका लागि छुट्टै WhatsApp हेल्पलाईन सेवाको विस्तार गरिनेछ ।
- मिथिला बिहारी नगरपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रलाई संख्यात्मक तथा गुणात्मक विकास गरिनेछ ।

- नगरपालिकाको गतिविधिलाई विद्युतीय सञ्चार र सूचना प्रविधिको माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरूप कार्यालयको आधिकारिक वेबसाइट तथा स्थानीय सञ्चार माध्यमबाट प्रसारण गरिनेछ।
- नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जन उत्तरदायी बनाउन सूचना प्रविधि युक्त बुलेटिन, ब्रोसर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक/सार्वजनिक परीक्षण, नियमित प्रगति समीक्षा गरी सुशासनको प्रत्याभुति दिइनेछ।
- विद्युतीय शासनको अवधारणा बमोजिम नगरपालिकाको क्रियाकलापलाई Paperless प्रशासन तथा डिजिटल अभिलेख राख्ने कार्यको सुभारम्भ गरिनेछ।
- सेवा प्रवाहको लागि सफ्टवेयर, एप्स र सूचना प्रविधिमा विशेष जोड दिई नगरपालिकामा रहेको सर्भरलाई क्लाउडमा आधारित डाटा व्यवस्थापन सेवाको विस्तार गर्दै सेवा प्रवाहको स्तर अझ बढाउँदै लगिनेछ।
- सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरू, विद्यालयहरू, सार्वजनिक ठाउँ तथा हाट-बजारमा CCTV Camera जडान तथा Free Wi-Fi Zone सेवाको विस्तार गरिनेछ।
- पालिकाका नागरिकलाई सेवा र समयसीमाको सहजताका लागि AI प्रविधिमा आधारित च्याट बट एप्लिकेशनको प्रयोग गरि नगरपालिका, प्रत्येक वडा तथा सबै स्वास्थ्य संस्थाहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था मिलाईनेछ।
- कार्यालयको छिटो तथा छरितो काम काजको लागि आर्टिफिसियल ईन्टेलिजेन्स (AI) को प्रयोगमा विशेष जोड दिई विभिन्न ए. आई. टुल्स प्रयोगमा ल्याईनेछ।

**३.६. पर्यटन तथा आर्थिक विकास:**

**उद्देश्य:** पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाउनु -

- **कार्यक्रमहरू:**

- पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रूपमा विकास गरिनेछ। मिथिला बिहारी मन्दिर, परशुराम तलाउ, ललिया ठाकुर, दुर्गा मन्दिर लगायत अन्य पर्यटन क्षेत्रको खोजी गरि सो लाई आकर्षक गन्तव्यको रूपमा पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ।
- वैज्ञानिक वस्ती विकासमा जोड दिंदै बजारोन्मुख वस्तीहरूको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील शहर र निर्माणको राष्ट्रिय रणनीतिलाई अवलम्बन गरिनेछ।

**३.७. जनसंख्या तथा सामाजिक समावेशिकरण (सामाजिक विकास):**

**उद्देश्य:** दलित, जनजाति, महिला, अपाङ्ग र ज्येष्ठ नागरिकको सशक्तीकरणमा जोड दिईने -

- **कार्यक्रमहरू:**

- खेलकुदको स्तर विकास गर्न नगर क्षेत्रका खेलाडीहरूलाई प्रोत्साहनको लागि नगरपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ।
- सबै वडाहरूमा टोल विकास संस्था गठन गरी सुशासन, विकास निर्माण तथा गरिबी न्यूनीकरणका लागि समुदायलाई नै उत्तरदायी बनाइनेछ।
- नागरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरूको उत्थान र सशक्तिकरणमा विशेष जोड दिइनेछ।
- स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिइनेछ।
- विपन्न तथा पिछडिएका वर्गका महिलाहरूलाई लक्षित गरी महिलाहरूको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिइनेछ।
- बाल क्लब गठनलाई प्राथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरी बालमैत्री नगर विकासको नीति अंगीकार गरिनेछ।
- सार्वजनिक सेवालाई अपाङ्गमैत्री बनाइनेछ। अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहायक सामाग्री वितरण गरिनेछ।
- ज्येष्ठ नागरिकहरूको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षाका विशेष जोड दिइनेछ।
- दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण, क्षमता विकास, सीप एवं चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विपन्न नागरिकलाई नियमानुसार आर्थिक सहयोग गरिनेछ।
- युवाहरूलाई खेलकुदमा अगाडि बढाउन खेलकुद सामग्री वितरण गरिनेछ।
- लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाधिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहित गरिनेछ।
- लैङ्गिक विभेद मार्फत महिलाको स्थान समाजमा पुरुष भन्दा न्यून भएपनि उनीहरूलाई समाजको मूलधारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने, आफूले संविधान तथा कानून बमोजिम पाउने हक र अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अबको विकास दिगो विकासको लागि १७ ओटा लक्ष्य अनुरूप अपाङ्गमैत्री, बालमैत्री, महिलामैत्री बनाउने तर्फको नीति अंगिकार गरिनेछ।
- दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरूलाई समेत विकासको मूलधारमा ल्याउन पहल गरिनेछ।
- मानव अधिकारको सम्मान एवं सम्बर्द्धन गर्दै मानव अधिकारको प्रत्याभूति गरिनेछ।

### ३.८. वातावरण संरक्षण, विपद्, खानेपानी तथा सरसफाई (पूर्वाधार/वन, वातावरण तथा विपद्):

**उद्देश्य:** स्वच्छ, हरियाली र जलवायुमैत्री नगर बनाउने -

- **कार्यक्रमहरू:**

- खाली पर्ती जग्गामा उपभोक्ता समूह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।
- आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपमा क्षति न्यूनीकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पुनर्स्थापना जस्ता कार्यहरू गर्न प्रकोपको व्यवस्थापन योजना बनाई सरोकारवाला निकाय र समुदायसँग सहकार्य गरी कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ।
- यस नगरपालिकालाई पूर्ण सरसफाई युक्त तुल्याउन खुला दिसा मुक्त सम्बन्धी कार्यक्रमलाई सफल गर्न सार्वजनिक शौचालय तथा सरसफाई अभियानको रूपमा सञ्चालन गरिनेछ।
- स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड ट्यांक निर्माण कार्यलाई प्राथमिकता दिई सोका लागि सम्बन्धित निकायहरूमा पहल गरिनेछ।
- नगरको फोहर मैला व्यवस्थापनमा निजी क्षेत्र समेतलाई परिचालन गरी सार्वजनिक निजी साझेदारी मोडेलको अवधारणा अनुरूप विशेष कार्य गर्ने नीति लिइनेछ। सो का लागि आवश्यक DPR कार्यलाई अगाडि बढाइनेछ।

- नगरको फोहर मैला, मृत जनावरहरू, शौचालयको लेदो आदि विसर्जनका लागि सार्वजनिक जग्गा सहितको उचित व्यवस्थापन गरिनेछ।
- वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ।

### ३.९. राजस्व अभिवृद्धि तथा कर प्रशासन (आर्थिक विकास/लेखा):

**उद्देश्य:** पारदर्शी र करदातामैत्री राजस्व प्रणालीको व्यवस्था मिलाउने -

- **कार्यक्रमहरू:**

**तत्कालीन नीति:**

- नमूना कर कानूनहरूको निर्माण गरी प्रयोगमा ल्याउने।
- वस्तुगत तथ्यको आधारमा करको आधार मूल्याङ्कन तथा निर्धारण गर्ने।
- स्थानीय जनताले तिर्न सक्ने क्षमताको आधारमा करको दर निर्धारण गर्ने।
- कर तथा गैर कर राजस्वको अनुगमन गर्न विशेष टोली गठन गरी परिचालन गरिनेछ।
- बेरुजु रकमलाई शून्य पार्ने नीति लिइनेछ।

**मध्यमकालीन नीति:**

- कर तथा गैर कर राजस्वको आधार र संरचनाको विकास गर्ने।
- जनताको क्षमता र करको स्रोत अनुकूल प्रगतिशील करको दर निर्धारण गर्ने।
- करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदाता मैत्री बनाउन सूचना प्रविधिको प्रयोग गर्ने।
- अन्तर स्थानीय सरकारको संयुक्त राजस्व प्रशासनको अभ्यास गर्न कार्यगत ढाँचा तयार गर्ने।

**दीर्घकालीन नीति:**

- अनलाइन वित्तीय सूचना अद्यावधिक र विश्लेषण गर्ने साथै नवीन स्रोतको पहिचान र परिचालन गर्ने।
- संघीय वित्तीय प्रणालीमा विद्यमान सबै किसिमका असन्तुलन कम गर्न अन्तर सरकारी वित्त हस्तान्तरणलाई तथ्यगत र अनुमान योग्य बनाउने।
- आर्थिक ऐन अनुसार उपलब्ध गराउँदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ।
- करदाताहरूलाई कर प्रणालीमा स्वेच्छिक रूपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदाता मैत्री बनाइनेछ।
- मिथिला बिहारी नगरपालिकाको वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ।
- एलानी, पर्ती र पोखरीहरू तथा नेपाल सरकारको नाउँमा दर्ता कायम भएको जग्गाहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी नगरपालिकाबाट समुचित व्यवस्थापन गरी राजस्व असुली तर्फ कदम चाल्नेछ।
- पेश्की तथा बेरुजुलाई कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा बेरुजु शून्य पार्ने नीति अवलम्बन गरिनेछ।

## ३.१०. प्रशासन, सुशासन तथा पारदर्शिता (सुशासन/विधायन/अनुगमन तथा सुपरिवेक्षण):

**उद्देश्य:** जवाफदेही, पारदर्शी र डिजिटल प्रशासनको अनुभुति गराउने -

- **कार्यक्रमहरू:**

- नगरपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकूल सुधार गर्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्य विवरण तयार गरी अद्यावधिक गर्दै लगिनेछ।
- नगरपालिकाका कर्मचारीहरूलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता बापतको रकम उपलब्ध गराई तोकिएको पोशाक र परिचयपत्र अनिवार्य रूपमा लगाउन व्यवस्था गरिनेछ।
- कर्मचारीहरूको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिनेछ।
- कर्मचारीहरूलाई काम प्रति बढी जिम्मेवार बनाई प्रोत्साहन गर्न नगरपालिका मातहतका विषयगत क्षेत्रमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई नगर कार्यपालिकाको निर्णयानुसार पुरस्कृत र सम्मान गरिनेछ।
- कार्यालयका कर्मचारीहरूमा स्वच्छ आचरण निर्माण गरी सेवाग्राही प्रति सम्मानपूर्ण व्यवहार गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ।
- नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरू तोकिएको समयमा दिन नगरपालिका प्रतिबद्ध रहनेछ।
- नगरपालिकाको निर्णय कार्यान्वयन एवं आवश्यक कार्यका लागि नगर प्रहरीहरूलाई व्यावसायिक र व्यवस्थित गरिनेछ। नागरिक सहायता कक्षको व्यवस्था मिलाईनेछ।
- राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। नगरपालिका मातहतका संरचनाहरूमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरिनेछ।
- नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई यस आ. व. को सुरुवातमै अनिवार्य सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ।

## ३.११. न्यायिक समिति:

- स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ।
- न्यायिक प्रक्रियालाई थप सरल र पहुँचयोग्य बनाउन कानूनी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विवाद समाधानका वैकल्पिक विधिहरूलाई प्रोत्साहन गरिनेछ।

## ३.१२. अनुगमन तथा सुपरिवेक्षण समिति:

- नगरपालिकाका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन र सुपरिवेक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिनेछ।
- योजना कार्यान्वयनमा देखिएका कमी कमजोरीहरूको पहिचान गरी सुधारका लागि आवश्यक निर्देशन दिइनेछ।
- अनुगमनबाट प्राप्त नतिजालाई सार्वजनिक गरी नागरिक समाजलाई जानकारी गराइनेछ।

## ३.१३. लेखा समिति:

- नगरपालिकाको आर्थिक कारोबारको नियमित लेखा परीक्षण गरी वित्तीय अनुशासन कायम गरिनेछ।
- बेरुजु रकमलाई शून्यमा झार्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।
- आम्दानी र खर्चको स्पष्ट विवरण तयार गरी सार्वजनिक गरिनेछ।

**३.१४. विधायन समिति:**

- नगरपालिकाका लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधि र निर्देशिकाहरूको तर्जुमा र संशोधन गरिनेछ ।
- स्थानीय आवश्यकता र संवैधानिक प्रावधानहरूलाई मध्यनजर गर्दै कानून निर्माण प्रक्रियालाई जनमैत्री बनाइनेछ ।
- विधायन प्रक्रियामा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

**३.१५. स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति:**

- जातीय विभेद तथा छुवाछुत उन्मूलनका लागि कानून बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- जातीय विभेदका घटनाहरूको अनुगमन गरी दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन पहल गरिनेछ ।
- समाजमा सहिष्णुता र सद्भाव कायम गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- दलित समुदायलाई गर्दिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

**३.१६. नयाँ पहलहरू**

- **स्मार्ट वडा:** प्रत्येक वडामा डिजिटल सेवा केन्द्र र मोबाइल एप द्वारा सेवाको विस्तार गरिने;
- **नगर बायोमेट्रिक डाटाबेस:** नागरिकको डिजिटल पहिचान प्रणालीको विकास गरिने;
- **युवा उद्यम कोष:** स्टार्टअप र नवप्रवर्तनका लागि अनुदानको व्यवस्था मिलाईने;
- **मिथिला सांस्कृतिक संग्रहालय:** मिथिला कला र इतिहासको संरक्षण गरिने;
- **नगरस्तरीय डिजास्टर रिस्पोन्स टिम:** प्रकोप व्यवस्थापनका लागि विशेष टोली गठन गरिने;
- **महिला नेतृत्व विकास:** प्रत्येक वडामा महिला नेतृत्व क्षमता विकास तालिम दिईने ।

यो नीति तथा कार्यक्रमले मिथिला बिहारी नगरपालिकालाई समृद्ध, समावेशी र प्रविधिमैत्री नगरको रूपमा स्थापित गर्नेछ । शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सूचना प्रविधिमा तथा अन्य सबै क्षेत्र समेटिएको यो कार्यक्रमले प्रत्येक नागरिकको जीवनस्तर उकास्नेछ भन्ने विश्वास लिएको छु । मिथिला बिहारी नगर सरकारको तर्फबाट हालसम्म प्राप्त उपलब्धिहरूलाई अझ सुदृढ बनाउँदै, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि "कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यमा सुधार; समावेशी सूचना प्रविधिले समृद्धिको आधार" भन्ने दीर्घकालीन लक्ष्य सहित "समृद्ध नगर : सुखी नगरबासी" को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ । यो कार्यक्रम बाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवा अवस्थामा सीप र सूचना प्रविधिको प्रयोग, उद्यमशीलता र रोजगारी, जीवनको उत्तरार्द्धमा ज्येष्ठ नागरिकलाई सम्मान, संरक्षण, महिलालाई समतामूलक अवसर सिर्जनामा केन्द्रित छ । नगरको विकासमा योगदान पुऱ्याउनु हुने जनप्रतिनिधिज्यूहरू र राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ/संस्था, नागरिक समाज, बुद्धिजीवी र टोल विकास संस्था, सञ्चार जगत्, सुरक्षा निकाय तथा सम्पूर्ण मिथिला बिहारी नगरवासीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

अब म, यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटका अनुमानित आय - व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न **रु. ४४ करोड ८२ लाख ७ हजार ८ सय ८३** को बजेट प्रस्तुत गरेको छु ।

| शिर्षक | अनुमानित आय |
|---|---|
| **संघीय सरकारवाट प्राप्त अनुदान** | |
| वित्तिय समानिकरण | १० करोड ४६ लाख |
| सशर्त अनुदान | १८ करोड ६ लाख |
| राजश्व वाँडफाँड | ९ करोड ५९ लाख २७ हजार ४ सय २३ रुपैया |
| विशेष अनुदान | ६८ लाख |
| सम्पूरक अनुदान | २ करोड ९३ लाख |
| **प्रदेश सरकारवाट प्राप्त अनुदान** | |
| वित्तिय समानिकरण | ७२ लाख ५३ हजार |
| राजश्व वाँडफाँड | ५७ लाख २७ हजार ४ सय ६० रुपैया |
| **आन्तरिक श्रोत** | |
| राजश्व अनुमान | ६० लाख |
| संचित कोषमा मौज्दात | ५० लाख |
| पोखरी बजार ठेक्का | २५ लाख |
| मालपोत तथा घर जग्गा रिजिष्ट्रेशन | ४५ लाख |

## व्यय तर्फको अनिवार्य दायित्व:

- वडा स्तरिय, नगर स्तरिय, पूँजिगत, चालू, विषयगत शाखा तथा योजना तर्फ व्यय - २३ करोड १५ लाख ७ हजार ८ सय ८३ रुपैया ।
- सशर्त तर्फको व्यय – रु. १८ करोड ६ लाख ।
- समपूरक तर्फको व्यय – २ करोड ९३ लाख ।
- विशेष तर्फको व्यय – रु. ६८ लाख ।

**जम्मा व्यय – ४४ करोड ८२ लाख ७ हजार ८ सय ८३ रुपैया ।**

बजेट तथा कार्यक्रम प्रस्तुत गर्न मार्ग निर्देशन गर्नुहुने नगर उप-प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु, सम्पूर्ण राजनितिक दलका पदाधिकारी ज्यूहरु, निजि क्षेत्र तथा विकास साझेदार संस्थाका महानुभावहरु, राष्ट्र सेवक कर्मचारीहरु, बुद्धिजिविहरु, पत्रकार, सुरक्षा निकायका प्रतिनिधि लगायतका आदरणीय नगरवासीहरु सबैमा धन्यवाद!

अन्त्यमा, बजेट तर्जुमामा सहयोग गर्नु हुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजश्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत यस मिथिला बिहारी नगरपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनितिक दलका मित्रहरु एवं प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका मिथिला बिहारी नगरपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु! धन्यवाद! जय मिथिला बिहारी!